# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खोपवा, बारा
प्रदेश नं.२, नेपाल
स्थापित-२०७३

पत्र संख्या : ०७६/०७७
चलानी नं. :- ५५६

मिति :- २०७६/०९ /२९

**विषय :- ७५% अनुदानमा भकारो सुधार कार्यक्रमको लागि आवेदन दिने सम्बन्धी सुचना ।**

**प्रथम पटक प्रकाशित :- २०७६/०९ /२९**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. ०७६/०७७ को कृषि विभागको सशर्त अनुदानको कार्यक्रम अन्तर्गत भकारो सुधार कार्यक्रममा सहभागी हुन इच्छुक यस बारागढी गाउँपालिका क्षेत्र अन्तर्गतका तपसिल बमोजिमका मापदण्ड पुरा गरेका कृषकहरु/ फर्महरुले प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा रितपूर्वक आवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । प्राप्त आवेदनहरु रुजु गरी यस कार्यालयबाट स्थलगत अनुगमन पश्चात मात्र आवेदन स्वीकृत गरिने छ । साथै म्याद नाघी रित पूर्वक नभएका, झुठा विवरण पेश गरेका वा विगत यस कार्यालयबाट अनुदान,सेवा,सुविधाहरुको दुरुपयोग गरेको पाइएमा त्यस्तो निवेदन स्वतः रद हुनेछ ।

**तपसिल**

| क.स. | विवरण | सङख्या | अनुदान रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | भकारो सुधार कार्यक्रम | १५ | रु.२०,०००/- | रु.३,००,००० /- | २५% अनुदान रकम सम्बन्धित कृषकले व्यहोर्नु पर्ने |

१. आवेदक कृषकले कम्तीमा तीन थान ठूला पशु (गाई/भैंसी/बाछाबाछी/पाडांपाडीं) पालेको हुनुपर्नेछ । (बढी सँख्यामा पशुपालन गरेको कृषकलाई प्राथमिकता दिईने छ)

२. भकारो सुधार कार्यक्रम सञ्चालन गरेका कृषकहरुले अनिवार्य रुपमा सँकलित मुत्र खेतवारीमा प्रयोग गर्नुपर्नेछ ।

३. यस कार्यालयको प्राविधिक मापदण्ड बमोजिम १५ फिट X ७ फिट साईजको गोठ पक्की भुई ठलान ,मुत्र बग्ने नाली र सँकल्न टयाँकी/ड्रम तथा छापो सहितको भकारो निर्माण गर्नुपर्नेछ ।

४. विगत दुई वर्ष भित्र कुनै सँघसँस्था/निकायबाट भकारो(गोठ) सुधार सम्बन्धि सहयोग नलिएको हुनु पर्नेछ ।

५.आवेदक कृषकको नागरिता प्रमाणपत्रको प्रतिलिपी र कृषकको आवेदन समेत सँलग्न हुनुपर्ने छ ।

६. यस कार्यक्रमको लागि योग्य रहेको उल्लेख गरिएको सम्बन्धित वडाको सिफारिस सँलग्न हुनुपर्ने छ ।

**विस्तृत जानकारीको लागि :- श्री अभिषेक चौधरी (कृषि इकाई प्रमूख)**
**( ९८०९१६३१६१ )**

२०७६।९।२९

...........................
आमोद चौधरी
(प्रमुख प्रशासकिय अधिकृत)

**बोधार्थ**
श्री सुचना तथा प्रविधि शाखा,
सुचना वेबसाईटमा अपलोड गरि दिनु हुन ।

website:-www.baragadhimun.gov.np
gmail adress:-baragadhi2073@gmail.com